# साझा प्रकाशन पुरस्कार नियमावली, २०५५

## प्रस्तावना

गोरखा भाषा प्रकाशिनी समितिबाट रूपान्तरित नेपाली भाषा प्रकाशिनी समितिको उत्तराधिकारीको रूपमा भाषा-साहित्यको विकासमा महत्त्वपूर्ण सेवा पुऱ्याउने ध्येयले स्थापित साझा प्रकाशनले आफ्नो स्थापनाकालदेखि नै नेपाली वाङ्मयका लेखक-साहित्यकारहरूको उत्कृष्ट ग्रन्थ प्रकाशन गरी नेपाली वाङ्मयको विकास, संरक्षण र स्तरवृद्धिमा उत्साहप्रद प्रेरणा र प्रोत्साहनको वातावरण सृजना गर्नेसमेत उद्देश्यले विभिन्न पुरस्कार पनि प्रदान गर्दै आएकोमा उक्त पुरस्कारको सञ्चालनप्रक्रियालाई अझ सुव्यवस्थित तुल्याउनका लागि एक नियमावलीको आवश्यकता देखिएकाले यो 'साझा प्रकाशन पुरस्कार नियमावली, २०५५' तर्जुमा गरी सञ्चालक समितिबाट स्वीकृत गरिएको छ ।

### परिच्छेद-१
## प्रारम्भिक

(१) **संक्षिप्त नाम र प्रारम्भ**

१. यस नियमावलीको नाम 'साझा प्रकाशन पुरस्कार नियमावली, २०५५' रहनेछ ।

२. यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

(२) **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

१. 'प्रकाशन' भन्नाले 'साझा प्रकाशन'लाई बुझाउनेछ ।

२. 'पुरस्कार' भन्नाले साझा प्रकाशनले हालसम्म प्रदान गर्दै आएका विभिन्न पुरस्कार र पछि स्थापित हुन सक्ने पुरस्कारलाई समेत जनाउनेछ ।

३. 'समिति' भन्नाले सञ्चालक समितिबाट गठित मूल्याङ्कन समिति सम्झनुपर्नेछ ।

४. 'सञ्चालक समिति' भन्नाले साझा प्रकाशनको सञ्चालक समितिलाई बुझाउनेछ ।

५. 'सल्लाहकार' भन्नाले गरिमा पत्रिकाका सल्लाहकारहरूलाई बुझाउनेछ ।

६. 'सञ्चालक' भन्नाले साझा प्रकाशनका सञ्चालक समितिका सदस्यलाई जनाउनेछ ।

७. 'वर्ष' भन्नाले प्रत्येक विक्रम संवत्को सुरुदेखि अन्तसम्मको समयावधिलाई जनाउनेछ । कुनै ग्रन्थको प्रकाशनवर्ष बुझाउँदा वि. सं. बाहेक अन्य संवत् छापिएमा सम्बन्धित विक्रम संवत्भित्र प्रकाशित भएको प्रमाणित हुनुपर्नेछ ।

### परिच्छेद-२
## पुरस्कार

(१) **साझा पुरस्कार**

१. यो पुरस्कार लेखकहरूलाई विशेष प्रोत्साहन होस् भनेर प्रकाशनबाट वर्षभरि प्रकाशित नयाँ ग्रन्थहरूमध्ये सर्वोत्कृष्ट एक मौलिक ग्रन्थलाई बर्सेनि प्रदान गरिने गरी प्रकाशनको तेस्रो वार्षिक साधारण सभाबाट मिति २०२७।२।३।७ मा प्रस्ताव पारित भई प्रदान हुँदै आएअनुरूप बर्सेनि सर्वोत्कृष्ट नयाँ ग्रन्थलाई प्रदान गरिनेछ ।

२. **पुरस्कार रकम** : यो पुरस्कारको रकम हाललाई रु. २५,०००।- र बेलाबेलामा यसमा नघटाई सञ्चालक समितिले पुरस्कारको रकम थप गर्न सक्नेछ ।

३. **पुरस्कारको चयनप्रक्रिया** : प्रकाशनबाट वर्षभरिमा प्रकाशित नयाँ तथा मौलिक ग्रन्थहरूमध्येबाट एक सर्वोत्कृष्ट ग्रन्थको चयन गरी सिफारिस गर्नका निम्ति र आवश्यक परेमा अन्तिम निर्णयका लागि छुट्टै अर्को एक जनाको समेत चयन गरी सञ्चालक समितिले जम्मा छ जना विद्वान्हरूलाई सुरुमै मूल्याङ्कनकर्ताको रूपमा नियुक्त गर्नेछ ।

४. **सर्वोत्कृष्ट ग्रन्थ मूल्याङ्कनको आधार** : वर्षभरिमा प्रकाशनबाट प्रकाशित विविध विषयका नयाँ र मौलिक ग्रन्थहरूमध्ये विषयवस्तु, प्रस्तुतीकरण, भाषा, शैली र मौलिकताको दृष्टिले सर्वोत्कृष्टताको मूल्याङ्कन गरिनेछ । सञ्चालक समितिद्वारा नियुक्त जम्मा छ जना मूल्याङ्कनकर्ताहरूमध्ये अन्तिम मूल्याङ्कनकर्ताबाहेक बाँकी पाँच जना मूल्याङ्कनकर्ताहरूले र अन्तिम मूल्याङ्कनकर्ताले प्रत्येक ग्रन्थको संक्षिप्त मूल्याङ्कनका साथै उत्कृष्ट ग्रन्थहरूको तुलनात्मक मूल्याङ्कन गरी कारणसहित सर्वोत्कृष्ट एक ग्रन्थसम्बन्धी लिखित प्रतिवेदन महाप्रबन्धकसमक्ष गोप्य र मर्यादित रूपमा सिलबन्दी गरी दिनुपर्नेछ । महाप्रबन्धकले उक्त मूल्याङ्कनसम्बन्धी सिफारिसहरू हेरी पाँच जनामध्ये तीन वा सोभन्दा बढी मूल्याङ्कनकर्ताले कुनै एक ग्रन्थमाथि पुरस्कारका निम्ति सिफारिस गरेको अवस्थामा सोको प्रतिवेदन सञ्चालक समितिमा प्रस्तुत गर्नेछ र त्यसका आधारमा सञ्चालक समितिले पुरस्कारको घोषणा गर्नेछ तर कुनै ग्रन्थका बारेमा कम्तीमा तीन जना मूल्याङ्कनकर्ताले सिफारिस नगरेको अवस्थामा महाप्रबन्धकले गोप्यतापूर्वक पूर्वनियुक्त अन्तिम वा छैटौँ मूल्याङ्कनकर्ताकहाँ विभिन्न मूल्याङ्कनकर्ताले पुरस्कारका निम्ति सिफारिस गरेका ग्रन्थहरू मात्र अन्तिम मूल्याङ्कनका लागि पठाउनुपर्नेछ । अन्तिम मूल्याङ्कनकर्ताबाट प्राप्त मूल्याङ्कनप्रतिवेदन पाँच मूल्याङ्कनकर्ताहरूको प्रतिवेदनसाथ महाप्रबन्धकमार्फत सञ्चालक समितिमा पेस गर्नुपर्नेछ र त्यसको आधारमा सञ्चालक समितिले पुरस्कारको घोषणा गर्नेछ ।

५. साझा प्रकाशनबाट सोही वर्ष पुस्तक प्रकाशित भएको लेखक त्यस वर्षको साझा पुरस्कारको मूल्याङ्कनकर्तामा नियुक्त हुने छैनन् ।

६. मूल्याङ्कनकर्ताहरू सृजनशील साहित्य, समालोचना र ज्ञानविज्ञानका विविध क्षेत्रका ख्यातिप्राप्त लेखक तथा विद्वान्हरूबाट प्रतिनिधित्व हुने गरी छानिनेछन् ।

७. यो पुरस्कार जीवित लेखकहरूलाई मात्र प्रदान गरिनेछ तर लेखक जीवित

हुँदैमा ग्रन्थ प्रकाशित भएको हकमा यो बन्देज लागू हुने छैन ।

८. मूल्याङ्कनकर्ताको रूपमा छनोट गरिने व्यक्ति अन्य कुनै साहित्यिक सङ्घसंस्थाका पुरस्कारहरूको निर्णयकर्ताको रूपमा त्यस वर्ष रहेको हुनु हुँदैन तर पुरस्कार घोषित भइसकेपछि मूल्याङ्कनकर्ता अन्य संस्थाको पुरस्कारको निर्णायक रहेको प्रमाणित भए पनि घोषित पुरस्कार रद्द हुने छैन ।

९. आइन्दादेखि पुस्तक प्रकाशनसम्बन्धी सम्झौतामा नै लेखकले साझा पुरस्कारमा अथवा अन्य कुनै पुरस्कारमा सम्मिलित हुने वा नहुने भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(२) **लोकसाहित्य पुरस्कार**

१. लोकसाहित्यका साधक दिवङ्गत बोधविक्रम अधिकारीबाट लिखित 'दन्त्यकथा' नामक पुस्तकको रायल्टीको प्राप्त हुने ब्याजबाट उहाँको स्मृतिस्वरूप यो पुरस्कार प्रदान गरिँदै आएको हो । निर्धारित पुरस्कारराशि सो पुस्तकको रायल्टीबाट अपुग भएमा साझा प्रकाशनबाटै बाँकी रकम बेहोरिनेछ ।

२. **पुरस्कारको रकम** : यो पुरस्कारको रकम हाललाई रु. ५,०००।- र समयसमयमा सञ्चालक समितिले तोकेअनुसार वृद्धि हुन सक्नेछ ।

३. **पुरस्कारका लागि पुस्तक पेस गर्ने** : लोकसाहित्य वा लोकसंस्कृतिसम्बन्धी मौलिक वा अनुसन्धानात्मक ग्रन्थ प्रकाशित भएको साल समाप्त भएको एक महिनाभित्र वा अर्को वर्षको वैशाख महिनाभित्र साझा प्रकाशन केन्द्रीय कार्यालय पुलचोकमा लेखक वा प्रकाशकले पुरस्कारको लागि भनी स्पष्ट उल्लेख गरी तीन प्रति पुस्तक पेस गर्नुपर्नेछ । प्रकाशकले पुस्तक पठाउँदा लेखकको स्वीकृति अनिवार्य रहनेछ ।

४. **पुरस्कारका लागि सामेल हुन सक्ने ग्रन्थहरू** :

(क) लोककथा, लोकगीत, लोकगाथा र लोककाव्य सम्बन्धी अध्ययनमा आधारित ग्रन्थहरू,

(ख) लोकोक्ति, गाउँखाने कथा र उखानटुक्कासम्बन्धी अनुसन्धानात्मक ग्रन्थहरू,

(ग) लोकवाद्य, लोकलय र सङ्गीत, लोकनृत्य र लोकनाटकसम्बन्धी अनुसन्धानात्मक ग्रन्थहरू,

(घ) लोकशिल्पसम्बन्धी अनुसन्धानात्मक ग्रन्थहरू,

(ङ) लोकवेशभूषा, चाडपर्व, आचार, रीतिस्थिति, रहनसहन, लोकविश्वास, धर्म तथा लोकसंस्कार सम्बन्धी अनुसन्धानात्मक ग्रन्थहरू,

(च) लोकजीवन र लोकसंस्कृतिसम्बन्धी विविध अनुसन्धानात्मक ग्रन्थहरू ।

५. **पुरस्कारचयन** : नेपाली लोकसाहित्य तथा लोकसंस्कृतिको क्षेत्रमा प्रत्येक वर्षभित्र नेपाली भाषामा प्रकाशित मौलिक वा अनुसन्धानात्मक ग्रन्थहरूमध्ये पुरस्कारका लागि साझा प्रकाशनमा तोकिएको समयभित्र प्राप्त ग्रन्थहरूमध्ये सञ्चालक समितिको पुस्तक छनोट उपसमितिले उत्कृष्ट ठहऱ्याएको ग्रन्थ चयन गरी पुरस्कारको घोषणा गर्नेछ ।

६. हरेक वर्ष चैत मसान्तमा उपयुक्त सञ्चारमाध्यमबाट यस पुरस्कारबारे साझा



प्रकाशनले सार्वजनिक सूचना प्रकाशित गरी पुरस्कारका निम्ति आव्हान गर्नेछ ।

७. कुनै वर्ष कुनै पनि ग्रन्थ पुरस्कारयोग्य नठहरिएमा सोको रकम पुरस्कारको मूल धनमा जम्मा हुनेछ ।

(३) **साझा बालसाहित्य पुरस्कार**

१. बालसाहित्यका स्रष्टाहरूलाई प्रोत्साहन होस् भनेर नेपाल अधिराज्यबाट वर्षभरि नेपाली भाषामा प्रकाशित बालसाहित्यसम्बन्धी पुस्तकहरूमध्ये उत्कृष्ट पुस्तकलाई प्रदान गरिने गरी सञ्चालक समितिको मिति २०५४।८।२६ को बैठकको निर्णयअनुसार बालसाहित्यसम्बन्धी उत्कृष्ट पुस्तकलाई यो पुरस्कार प्रदान गरिनेछ ।

२. **पुरस्कारको रकम** : यो पुरस्कारको रकम हाललाई रु. १०,०००।- हुनेछ ।

३. **पुरस्कारका लागि पुस्तक पेस गर्ने** : नेपाल अधिराज्यबाट नेपाली भाषामा प्रकाशित बालसाहित्यसम्बन्धी मौलिक पुस्तक प्रकाशित भएको साल समाप्त भएको एक महिनाभित्र वा अर्को वर्षको वैशाख महिनाभित्र साझा प्रकाशन केन्द्रीय कार्यालयमा लेखक वा प्रकाशकले पुरस्कारका लागि भनी स्पष्ट उल्लेख गरी पाँच प्रति पुस्तक पेस गर्नुपर्नेछ । प्रकाशकले पुस्तक पठाउँदा लेखकको स्वीकृति अनिवार्य रूपमा पेस गर्नुपर्नेछ ।

४. **पुरस्कारचयन** : पुरस्कारका लागि तोकिएको म्यादभित्र साझा प्रकाशनमा प्राप्त हुन आएका बालसाहित्यका पुस्तकहरूमध्ये सञ्चालक समितिको पुस्तक छनोट उपसमितिले सर्वोत्कृष्ट पुस्तक छनोट गरी पुरस्कारको घोषणा गर्नेछ ।

(४) **गरिमा सम्मान पुरस्कार**

१. लेखकसाहित्यकारहरूलाई प्रोत्साहन गर्न गरिमा पत्रिकामा वर्षभरि प्रकाशित रचनाहरूमध्ये गद्यविधामा एक र कविताविधामा एकसमेत दुई विधामा सर्वोत्कृष्ट ठहरिएका दुई रचनालाई प्रत्येक वर्ष यो पुरस्कार प्रदान गरिनेछ ।

२. **पुरस्कारको रकम** : प्रत्येक विधाको पुरस्कारको रकम हाललाई पाँचपाँच हजारको हुनेछ ।

३. **पुरस्कारचयन** : यी पुरस्कार सल्लाहकारहरूबाट वर्षभरि गरिमा पत्रिकामा प्रकाशित रचनाहरूमध्ये उक्त दुई विधाका सर्वोत्कृष्ट रचना छनोट गरी घोषणा गरिनेछ । तर रचना प्रकाशनको अवसरमा पुरस्कारमा सम्मिलित नहुने भनी उल्लेख भएका रचना पुरस्कारमा सामेल गरिने छैन ।

### परिच्छेद–३

## पुरस्कार वितरण

५. पुरस्कार घोषणापछि वार्षिक साधारण सभा, साझा प्रकाशन दिवस अथवा कुनै अन्य उपयुक्त अवसर पारी पुरस्कार वितरण गरिनेछ ।

६. पुरस्कृत स्रष्टा वा विद्वान् लेखकलाई पुरस्कार प्रदान गरिने मिति, समय तथा स्थानको पूर्वजानकारी लिखित पत्रद्वारा गराइनेछ ।

## परिच्छेद–४
## आर्थिक स्रोत

७. पुरस्कारका लागि लोकसाहित्य पुरस्कारको हकमा माथि उल्लेख भएअनुसार र अन्य पुरस्कारको हकमा प्रत्येक वर्षको छुट्टै कोषको व्यवस्था गर्ने प्रयास गरिनेछ ।

## परिच्छेद–५
## विविध

८. (१) विभिन्न पुरस्कारका मूल्याङ्कनकर्ताहरूको पारिश्रमिक सञ्चालक समितिले समयसमयमा तोकेअनुसार हुनेछ ।

(२) प्रत्येक पुरस्कारको प्रमाणपत्रको ढाँचा सञ्चालक समितिले तोकेअनुसार हुनेछ ।

९ **नियमावलीको संशोधन**

यस नियमावलीको संशोधन सञ्चालक समितिको पूर्ण बैठकको बहुमतबाट हुन सक्नेछ ।

१० नियमावलीमा स्पष्ट नभएका कुराहरू वा अस्पष्ट कुराहरूको अन्तिम व्याख्या सञ्चालक समितिले गर्नेछ ।

१ २